मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(आर्थिक विकास शाखा)

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

## सिपमुलक तालिमको लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना ।

(प्रथमपटक प्रकाशित मिति २०८१/१०/०९)

मन्थली नगरपालिका र बागमती प्रदेश सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यलय धुलिखेलवीच भएको सम्झौता अनुसार चालु आ.व.२०८१/०८२ मा गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत यस नगरपालिकाका क्षेत्र भित्रका गृहिणी महिलाहरु/गृहिणी महिला समुहहरुको लागि देहायका सिपमुलक तालिमहरु सञ्चालन गरिने भएकोले तोकिएको योग्यता पुरा भएका ईच्छुक महिलाहरुले देहायका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा सम्वन्धित वडा कार्यालय वा नगरपालिकाको कार्यालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**क. तालिम सम्वन्धी विवरण** (एक व्यक्ति/समुहले कुनै एक मात्र तालिमको लागि र एकाघरको एक जनाले मात्र आवेदन दिन सक्ने)

| क्र. सं. | कार्यक्रमको विवरण | तालिम अवधि | तालिमको लागि आवश्यक संख्या | विउपुँजी/प्राविधिक सहयोग |
|---|---|---|---|---|
| १ | जुत्ता चप्पल बनाउने तालिम | न्युनतम १ महिना | २० देखि ३० जना | समूहलाई नगरपालिकामा दर्ता गरी व्यवसायको प्रकृति हेरी रु. १ लाख सम्म विउपुँजि वा प्रविधि सहयोग गर्न सकिने तर समुहको प्रत्येक सदस्यले तालिम पश्चात प्रति महिना रु. १००/- आफ्नो समुहको कोषमा जम्मा गर्नुपर्ने । |
| २ | सेनिटरी प्याड बनाउने तालिम | न्युनतम १५ दिन | २० देखि ३० जना | |
| ३ | दुधको परिकार बनाउने तालिम | न्युनतम १५ दिन | २० देखि ३० जना | |
| ४ | थान्का पेन्टिङ तालिम | ३ महिना | २० देखि ३० जना | |
| ५ | गलैचा बुन्ने तालिम | ३ महिना | २० देखि ३० जना | |
| ६ | उलनको कपडा बनाउने तालिम | ३ महिना | २० देखि ३० जना | |

**ख. प्रस्तावकको योग्यता:**

- मन्थली नगरपालिकाको स्थायी वासिन्दा,
- अन्यत्र कुनै संघसंस्था वा निकायमा कार्यरत नरहेको,
- २० देखी ५५ बर्ष उमेर समूहको घरायसी कार्यमा संलग्न विवाहित/ अविवाहित/एकल महिला,
- तालिमसँग सम्वन्धित ब्यवसाय गरिरहेका वा ब्यवसाय गर्न ईच्छुक,
- यस नगरपालिकाबाट अन्य कुनै पनि किसिमको सिप विकास तालिम नलिएको
- यस अघि कुनैपनि निकायबाट यसै प्रकृतिको तालिम/सहयोग प्राप्त नगरेको,

**ग. पेश गर्नुपर्ने कागजातहरु:**

- आफू/आफ्नो समूहले तालिम लिन चाहेको तालिम उल्लेख भएको ब्यक्तिगत/सामुहिक निवेदन,
- समुहको हकमा निर्णयको प्रतिलिपी,
- आफ्नो/समुहका सबैको नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,
- आर्थिक रुपमा विपन्न ब्यक्ति/विपन्नहरुको समुह भनी सम्वन्धित वडा कार्यालयले गरेको सिफारिस ।

**घ. प्राथमिकता:**

- विपन्न, दलित, सिमान्तकृत लोपोन्मुख, अल्पसंख्यक समूहका महिला, वा शहिद, वेपत्ता परिवार, एकल महिला, द्वन्द्व पिडित र अपाङ्गता भएका वा बेरोजगार र आर्थिक रुपले विपन्न महिला।

**ङ. तालिम सञ्चालत तथा सुविधा:**

- एक वडाको समूह मात्र छनौट भएमा सम्वन्धित वडामै र एक भन्दा वढी वडाबाट समूह छनौट भएमा सहभागीहरुको पायक पर्ने स्थान वा मन्थली सदरमुकाममा तालिम सञ्चालन गरिने छ । सहभागी स्थायी बसोवास गरिरहेको वडा बाहेक अन्यत्र तालिम सञ्चालन भएमा नियमानुसार यातायात खर्च र वास वस्नुपर्नेहरुको लागि खाना बासको ब्यवस्था गरिने।

*थप जानकारीको लागि सम्वन्धित वडा कार्यालय वा यस कार्यालयको आर्थिक विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।*

प्रमुख प्रशासकीय अधिकृत